# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ (संख्या ६) बैषाख २० गते २०७७ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

## नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि- २०७६

**प्रस्तावना :**

चामुण्डा विन्द्रासैनी नगरपालिकाभित्र बसोवास गर्ने विपन्न, गरिव, जेहेन्दार, दलित जनजाति तथा पिछडिएका वर्गका विद्यार्थीहरुलाई उनीहरुको क्षमताअनुसारका प्राविधिक विषय पढ्न तथा पढ्ने अवधिभर खान, बस्न तथा यातायातमा समेत सहज वातावरण निर्माणका लागि नगरप्रमुख छात्रवृत्ति प्रत्येक वर्ष उपलब्ध गराउन कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकाले,

चामुण्डाविन्द्रासैनी नगरकार्यपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "नगरप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "नगरप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ।

ग) "कार्यपालिका सदस्य" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरकार्यपालिका सदस्य सम्झनु पर्दछ।

घ) "छात्रवृत्ति" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाले खडा गरेको नगरप्रमुख छात्रवृत्ति कार्यक्रम सम्झनुपर्दछ।

ङ) "नगरपालिका" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका सम्झनु पर्दछ।

च) "नगर क्षेत्र" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका भित्र पर्ने भौगोलिक क्षेत्र सम्झनु पर्दछ।

छ) "प्रमुख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ





ज) "उपप्रमुख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ र सो शब्दले निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई सम्झनु पर्दछ।

ञ) "परिचालक समिति" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाले नगरक्षेत्रभित्रका तोकिए बमोजिमका विद्यार्थीलाई दिईने छात्रवृत्ति सम्बन्धि व्यवस्थापन गर्न दफा ४ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्दछ।

**३. नगरप्रमुख छात्रवृत्ति कार्यक्रम सम्बन्धि व्यवस्था :** (१) चामुण्डा विन्द्रासैनी नगरपालिकाको भौगोलिक क्षेत्रभित्र बसोवास गर्ने लक्षित वर्ग भित्रका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययन तथा पढाई अवधिभरीको लागि विद्यार्थीले खान, बस्न र यातायात खर्च समेत उपलब्ध गराउन सक्ने गरी एक नगरप्रमुख छात्रबृत्ति कार्यक्रम स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति कार्यक्रममा प्रत्येक आ.व.मा चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरसभावाट पारित गरी आवश्यक वजेटको व्यवस्थापन गरिनेछ।

**४.नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालक समिति सम्बन्धि व्यवस्था :** नगरप्रमुख छात्रवृत्ति कार्यक्रमलाई निष्पक्ष रुपमा वास्तविक पहिचानको आधारमा छात्रवृत्ति वितरण गर्नको लागि नगर प्रमुखको प्रत्यक्ष निगरानीमा रहने गरी देहाय बमोजिमको एक सञ्चालक समितिको व्यवस्था गरिनेछ।

| | |
|---|---|
| क) सामाजिक विकास समितिको संयोजक- | संयोजक |
| ख) नगरप्रमुखले तोकेको कार्यपालिकाको एकजना - | सदस्य |
| ग) नगर शिक्षा कार्यालयको प्रमुख | सदस्य सचिव |

**५.नगर प्रमुख छात्रवृत्ति प्रदान गरिने विषय सम्बन्धि व्यवस्था :** (१) नगरप्रमुख छात्रवृत्तिकार्यक्रमवाट छात्रवृत्ति प्रदान गर्दा प्राविधिक शिक्षा अन्तर्गत देहाय बमोजिमका विषयमा मात्र प्रदान गरिनेछ।

क) कृषि तथा पशु स्वास्थ्य शिक्षा.

ख) मानव स्वास्थ्य शिक्षा

ग) ईन्जिनियरिङ शिक्षा

घ) हवाई उड्ययन सम्बन्धि शिक्षा

ङ) नेपालमै विज्ञान विषयमा स्नातकोत्तर अध्यायन गर्ने विद्यार्थीलाई यस नगरपालिकामा खोज अनुसन्धान गर्न।

**६. सार्वजनिक सुचना प्रकाशन गर्नु पर्ने :** नगरप्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत दफा ५ बमेजिम तोकिएका विषय अध्यायनको लागि आवेदन माग गर्न सञ्चालक समितिले १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्नुपर्नेछ।

**७.छात्रवृत्तिको रकम लगानी सम्बन्धि व्यवस्था :** नगरप्रमुख छात्रवृत्ति कार्यक्रमवाट छात्रवृत्ति रकम प्रदान गर्दा छात्रवृत्ति प्रदान गरिने विषयको आधारमा सञ्चालक समितिको निर्णय बमोजिम पच्चिस प्रतिशत देखि सत्तरी प्रतिशत सम्म व्यहोर्ने गरी लगानी गर्न सकिनेछ।

**८.अभिभावकले व्यहोर्नुपर्ने रकम सम्बन्धि व्यवस्था :** नगरप्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अभिभावकले आफुले व्यहोर्ने कुल रकम मध्यको पच्चिस प्रतिशत रकम राष्ट्र बैंकवाट मान्यता प्राप्त "क" वर्गको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

माथि दफा ७ र ८ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यार्थीले नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै निकायवाट छात्रवृत्ति प्राप्त गरेको तर त्यस्तो छात्रवृत्तिले विद्यार्थीको खान, बस्न तथा यातायात खर्च जुटाउन नसक्ने अवस्था सृजना भई निज विद्यार्थीले आफु अति विपन्न वर्गको भई पढाईमा बाधा उत्पन्न भएको मनासिव कारण खुलाई निवेदन दिएमा सञ्चालक समितिले त्यस्तो अति विपन्न वर्गको विद्यार्थीको लागि शैक्षिक सामाग्री खरिद, खान, बस्न र यातायात समेतका लागि सम्बन्धित विद्यार्थीको

पढाई अवधिभर वार्षिक रु. एकलाख पचास हजारमा नबढ्ने गरी त्यस्तो खर्च छात्रवृत्तिका रुपमा उपलब्ध गराउन सक्नेछ।

**९ पूर्ण छात्रवृत्ति प्रदान गर्न सक्ने :** चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरप्रमुख छात्रवृत्तिकार्यक्रवाट एम.वि.वि.एस तथा एम.डि. अध्यायन गर्ने विद्यार्थीहरुको लागि खान बस्न तथा आते जाते खर्च वाहेक अध्यायन गर्दा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने गरी पूर्ण छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

**१०.मापदण्ड सम्बन्धि व्यवस्था :** (१) नगरप्रमुख छात्रवृत्ति कार्यक्रमवाट आर्थिक सहयाता प्राप्त गर्नको लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको उम्मेद्धार योग्य हुनेछ।

क) चामुण्डा विन्द्रासैनी नगरपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोवास गरिरहेको वडाको सिफारिस,

ख)पैत्रिक सम्पति सम्बन्धि विवरण तथा आर्थिक रुपमा नाजुक भएको सिफारिस,

ग) एस.ई.ई. परिक्षामा कम्तिमा सि ग्रेड ल्याई उत्तिण भएको हुनुपर्ने,

घ) दलित, जनजाति,महिला, अपाङ्ग, विपन्न, गरिव, जेहेन्दार तथा पिछडिएको वर्गलाई प्राथमिकता दिएको हुनुपर्ने

(२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको अधिकृत स्तरमा मा बहाल कर्मचारीहरुका छोराछोरीहरुलाई नगरप्रमुख छात्रवृत्ति कार्यक्रमवाट छात्रवृत्तिको लागि रकम उपलब्ध गराईने छैन।

**११. छनौट समिति सम्बन्धि व्यवस्था :** (१) छात्रवृत्तिकार्यक्रमवाट छात्रवृत्ति प्रदान गर्न विद्यार्थी छनौट गर्दा एक भन्दा धेरै निवेदन पर्न आएमा सञ्चालक समितिले विषयगत विशेषज्ञ संयोजकत्वमा तीन सदस्यीय छनौट समिति गठन गर्न सक्नेछ र उक्त समितिले प्रचलित विधि र नियमको अधिनमा रही प्रतिस्पर्धाको माध्यामवाट योग्य उम्मेद्धारको छनौट गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि एक जना मात्र उम्मेद्धारको निवेदन परेको खण्डमा सञ्चालक समितिले नगरप्रमुखको अनुमति लिई छात्रवृत्ति प्रदान गर्ने निणय गर्न सक्नेछ।

**१२.छनौट प्रक्रिया सम्बन्धि व्यवस्था :** (१) नगरप्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत उम्मेद्धार छनौट गर्दा कार्यविधिको दफा ६ बमोजिम प्रकाशित सुचनाको आधारमा प्राप्त आवेदनवाट प्रचलित नियम, कानून र मान्यताको अधिनमा रही छनौट गर्नु पर्नेछ र त्यसरी छनौट भएका उम्मेद्धारहरुलाई छनौट समितिले परिचालन समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

(२) माथि उपदफा (१) बमोजिम छनौट समितिले सिफारिस गरेको उम्मेद्धारहरुलाई सञ्चालक समितिले दफा १० मा उल्लेखित मापदण्डहरुको आधारमा एक जना बैकल्पिक उम्मेद्धार सहित दुई जनाको नाम नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ।

**१३. सम्झौता सम्बन्धि व्यवस्था** : छात्रवृत्तिका लागि छनौट भएको उम्मेद्धार र सञ्चालक समिति विच अनुसूची -१ बमोजिमको ढाँचामा सम्झौता पत्रमा दुवै पक्षले हस्ताक्षर गर्नुपर्नेछ।

**१४.भुक्तानी सम्बन्धि व्यवस्था :** (१) नगरप्रमुख छात्रवृत्तिकार्यमवाट आर्थिक सहायता स्वरुप प्रदान गरिने रकम भुक्तानी गर्दा नगरपालिकाको आर्थिक प्रशासन शाखाले राष्ट्रबैंक वाट क वर्गको मान्यताप्राप्त वाणिज्य बैंकमा विद्यार्थीको नाममा खोलिएको खातामा नियमानुसार जम्मा गरिदिनुपर्नेछ।

**१५.छात्रवृत्ति रकम रोक्का गर्न सक्ने :** नगरप्रमुख छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले देहाय बमोजिमका कार्य गरेमा सञ्चालक समितिले जुनसुकै बखत छात्रवृत्ति कार्यक्रम अन्तर्गतको रकम रोक्का गर्न सक्नेछ।

क) अध्यायनको समयमा कुनै प्रकारको कुलतमा फसेको प्रमाण भेटिएमा,

ख) यौन्जन्य दुर्व्यवहार गरेको पाईएमा,

ग) अदालतवाट फौजदारी कसुरमा सजाय पाएमा

घ) अध्यायन गरिरहेको विषय फेरवदल गरेको पाइएमा





ङ) अन्य कानूनद्धारा वन्चित कार्य गरेको पाइएमा।

**१६.अनुगमन समिति सम्बन्धि व्यवस्था :** (१) नगरप्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी तथा अभिभावकका गतिविधिहरुको वारेमा रेखदेख गर्न नगर उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिम तीन सदस्यीय अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| क) नगर उपप्रमुख - | संयोजक |
| ख) प्रमुख प्रशासकिय अधिकृत - | सदस्य |
| ग)आर्थिक प्रशासनशाखा प्रमुख- | सदस्य |

(२) उपदफा (१) बमोजिम गठित अनुगमन समितिले अनुगमन गरिसकेपछि प्रतिवेदन तयार गरी नगरप्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ र यसरी अनुगमन समितिको प्राप्त प्रतिवेदनको आधारमा नगरप्रमुखले सञ्चालक समिति तथा सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**१७.प्रतिवद्धता सम्बन्धि व्यवस्था :** नगरप्रमुख छात्रवृत्ति प्राप्त गर्ने पक्षले नगरपालिका समक्ष अध्यायन पुरा गरेपछि नगरपालिकाक्षेत्र भित्र एक वर्ष सेवा गर्ने गरी वा तीन वर्षसम्म आफ्नो आम्दानीको पन्ध्र प्रतिशत सेवा सुविधा नगरपालिकाको आन्तरिक आम्दानीमा जम्मा गर्ने गरी प्रतिवद्धता जाहेर गर्नुपर्नेछ।

**१८.संशोधन गर्न सक्ने** : यस कार्यविधिमा तथा यसका दफामा कुनै संशोधन गर्नु परेमा नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**१९. स्वतः खारेज हुने** : यो कार्यविधि तथा यसका कुनै दफा संघिय कानून, प्रदेश कानून वा अन्य कानूनसँग बाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ।

**अनुसूची -१**

दफा (१३) सँग सम्बन्धित

**सम्झौता- पत्र**

चामुण्डा विन्द्रासैनी नगरपालिका नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालक समिति (यसपछि पहिलो पक्ष भनिने) र छात्रवृत्ति कार्यक्रम अन्तर्गत रकम प्राप्त गर्ने उम्मेद्धार (यसपछि दोश्रो पक्ष भनिने) विच मिति २०७ / / / मा भएको सम्झौता पत्र

**पहिलो पक्ष:**

१) दोश्रो पक्षले अध्यायन गर्ने विषय सँग सम्बन्धित तथा अन्य आपश्यक कागजात स्वीकृत गर्ने

२) दोश्रो पक्षलाई प्रदान गरिने छात्रवृत्ति रकम प्रत्येक महिनाको मसान्तमा वाणिज्य बैंकमा खोलिएको खातामा जम्मा गरिदिने,

३) सम्बन्धित शैक्षिक सँस्थासँग आवश्यक सहजीकरण गरिदिने,

४) कार्यविधिमा उल्लेखित कार्य विरुद्ध कार्य गरेमा उपलब्ध गराउने छात्रवृत्ति रकम रोक्का गर्ने,

**दोश्रो पक्ष:**

१) आवश्यक शैक्षिक योग्यता तथा अन्य आवश्क कागजातहरु पेश गर्ने,

२) दोश्रो पक्षले अध्यायन गर्दा वेहोर्नुपर्ने रकम जम्मा गरेको बैंक भौचर पेश गर्ने,

३) अध्यायन गर्न जानु भन्दा पहिले पहिलो पक्ष सँग परामर्स गर्ने,

४) अध्यायनरत सँस्थाको गतिविधिको वारेमा पहिलो पक्ष लाई जानकारी गराउने,


खण्ड ३ (संख्या ६) बैषाख २० गते २०७७ साल

५) कार्यविधिमा उल्लेखित मापदण्डहरु पालना गर्ने,

६) माथि उल्लेखित भएका सम्झौताका शर्तहरु पालना गर्न हामी दुवै पक्ष मञ्जुर छौं ।

सम्झौता अवधि सम्झौताको अवधि २०/ / /देखि २० / / / सम्म मात्र लागु हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फवाट | दोश्रो पक्षको तर्फवाट |
| नामः | नामः |
| पदः | ठेगानाः |
| नगरप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालक समिति | |
| ................................ | .................................. |
| दस्तखत | दस्तखत |
| पहिलो पक्षको तर्फवाट साक्षी | दोश्रो पक्षको तर्फवाट साक्षी |
| नाम | नाम |
| पद | नाता |
| दस्तखत | दस्तखत |
| मिति | ठेगाना |
| | मिति |



आज्ञाले
तिलक वि.क.
नि.प्रमुख प्रशासकीय अधिकृत